# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग
### वैदेशिक ऋणका लागि धितोपत्र सुरक्षण तथा व्यक्तिगत जमानी दिने व्यवस्था सम्बन्धि सूचना

नेपालमा स्थापित कुनै पनि उद्योग, कम्पनी वा संस्थाले वैदेशिक ऋण लिनका लागि सम्वन्धित सरकारी निकायबाट स्वीकृति प्राप्त गरी यस बैंकबाट समेत सोको स्वीकृति प्राप्त गरेको अवस्थामा सो ऋण लिन धितोपत्र सुरक्षण राख्नु परेमा तथा व्यक्तिगत जमानी दिनु परेमा सोसँग सम्वन्धि सम्झौता समेत सम्वन्धित सरकारी निकायबाट स्वीकृति प्राप्त भएको अवस्थामा यस बैंकबाट समेत विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ९ग र दफा १० को अधिनमा रही देहायका शर्त पालना गर्नेगरी स्वीकृति प्रदान गर्न सकिने नीतिगत व्यवस्था गरिएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क) शेयर धितो राखी ऋण लिन स्वीकृत विदेशी मुद्रा बैकिङ्ग माध्ययमबाट नेपाल भित्र्याई सो को लेखांकन यस बैंकमा गराउनु पर्ने ।

ख) ऋणदाताले धितोपत्र आर्जन वा भोग वा नियन्त्रणमा राख्नुपर्दा र बिक्री गर्नुपर्दा सम्वन्धित सरकारी निकायबाट स्वीकृत सम्झौता तथा प्रचलित कानुनले गरेको व्यवस्था पालना गर्नुपर्ने ।

ग) सम्झौता वमोजिम ऋण रकम चुक्ता/भुक्तानी गर्न नसकेको अवस्थामा सो ऋण उपभोग गर्दा धितो राखेको शेयर ऋणदाताले आफ्नो स्वामित्वमा कायम गर्दा र सो शेयर विक्री गर्ने कार्य गर्दा विदेशमा गर्न नपाईने ।

घ) यस्तो स्वामित्व हस्तान्तरण सम्वन्धि कार्य विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र अन्य प्रचलित कानुनले व्यवस्था गरेको प्रावधान पूरा गरी नेपालमै धितोको नामसारी वा स्वामित्व हस्तान्तरण गरी यस बैंकमा लेखाङ्कन गराउनु पर्ने ।

ङ) ऋण वक्यौता रकमलाई खाम्ने सीमासम्म मात्र सुरक्षण राखिएको भुक्तानी पाउने अधिकार सृजना हुने कागजात र धितोपत्रको प्रयोग गर्न पाईने ।

च) सम्झौता बमोजिम तोकिएको समयमा उक्त ऋणको साँवा व्याज भुक्तानी गरे पश्चात धितो राखिएका त्यस्ता कागजात र शेयरहरुको धितो बन्धक फुकुवा गरी यस बैंकमा सोही वमोजिम अभिलेख अद्यावधिक गराउनु पर्ने ।

**(भिष्मराज ढुंगाना)**
**कार्यकारी निर्देशक**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

NRB Website प्रकाशन मिति : २०७४।२।७